# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३२० | काठमाडौं | मंगलबार, ६ चैत २०८० | Prabhab National Daily | Tuesday, March 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं ।

नियमित रूपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# काण्डैकाण्डमा 'महरा सर'

■ जेबी योञ्जन

**काठमाडौं–** पञ्चायतको अन्तिम दशकतिर कृष्णबहादुर महरा गणित र विज्ञानका शिक्षक थिए । विद्यार्थीहरूबाट 'एम सर' भनेर बोलाइन्थे । उनी सम्मानित थिए ।

तत्कालीन नेकपा मसालबाट प्रजातन्त्र पुनर्वहालीपछि रोल्पा ३ बाट निर्वाचित भएर संसद् पुगेका उनी अन्ततः माओवादी सशस्त्र विद्रोहमा सहभागी भएर शान्ति प्रक्रियामा आएसँगै सञ्चार, उपप्रधान तथा परराष्ट्र, गृह र अर्थमन्त्री हुँदै सभामुखसमेत भए ।

हाल माओवादी उपाध्यक्ष रहेका उनी एकपछि अर्को प्रकरणमा मुछिएका छन् । जसले गर्दा पहिलेजस्तो सम्मानित छैनन् । यसअघि एक महिलामाथि बलात्कार प्रयासको आरोपमा पक्राउ पर्दा सभामुख पद गुमाएका उनी पुनः सुन तस्करीमा संलग्न रहेको आरोपमा समातिएका छन् ।

मंगलबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई इलेक्ट्रिक चुरोट (भेप)मा लुकाएर ल्याएको नौ किलो तस्करीको सुनकाण्डमा मुछिएका



- सुन तस्करी प्रकरणमा मुछिएपछि पक्राउ
- चार दिनको हिरासत अवधि नर्भिक अस्पतालमा गुजार्ने

कारण पक्राउ गऱ्यो । कपिलवस्तुमा पक्राउ परेका उनलाई काठमाडौं जिल्ला अदालतले चार दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ । र, उनी बिरामी भएको भन्दै हिरासत अवधिभर अस्पतालमा बस्न अनुमति दिएको छ । अदालतको आदेशअनुसार उनी सोमबार नै थापाथलीस्थित नर्भिक अस्पतालमा भर्ना भएका छन् ।

आइतबार उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले तत्काल महरालाई कारबाही गर्न प्रहरी प्रमुख वसन्तबहादुर कुँवर र सिआइबी प्रमुख (एआइजी) श्यामलाल ज्ञवालीलाई निर्देशन दिएका थिए । दुई दिन नबित्दै महरा पक्राउ परेका हुन् । सुन तस्करी जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदनले इलेक्ट्रिक चुरोट 'भेप'मा लुकाएर सुन तस्करी गरेको घटनामा महराको संलग्नता रहेको किटान गरेको छ । सोही आधारमा महरा पक्राउ परेका हुन् ।

सिआइबीले महराको बयान कागज पहिल्यै गरेको थियो । अनुसन्धान प्रतिवेदनमा भने महरालाई प्रतिवादी बनाएर मुद्दा चलाउन राय दिइएन । जबकि चिनियाँ नागरिकले दुबईबाट ल्याएर भन्सारमा रोकिएको भेप छुटाउन तत्कालीन भन्सार प्रमुखलाई फोन गरेको स्वीकारेका थिए । अनुसन्धानकै क्रममा उनको सीधा सम्बन्ध चिनियाँ सुन तस्कर दाओजिन वाङसँग खुलेको थियो । तर, त्यसबेला उनी सिआइबीबाटै जोगाइए ।

(क्रमशः पृष्ठ २ मा)

### बागलुङमा बस दुर्घटनाः
# आठजनाको मृत्यु, २५ घाइते

**काठमाडौं (प्रस)–** बागलुङको निसीखोलामा सोमबार साँझ भएको बस दुर्घटनामा आठजनाको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक राजकुमार विकका अनुसार उक्त दुर्घटनामा २५ जना घाइते भएका छन् । घाइतेमध्ये २२ जनाको अवस्था गम्भीर रहेको उनले जानकारी दिए ।

प्रहरी निरीक्षक विकका अनुसार मृत्यु हुनेमा चार पुरुष र एक नाबालिकासहित चार महिला रहेका छन् । समाचार तयार पार्दासम्म मृतक कसैको पनि सनाखत भएको



छैन । बुर्तिबाङमा सबै घाइतेको उपचार सम्भव नभएपछि धौलागिरि अस्पताल बागलुङमा पठाइएको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. नविन्द्र ढकालले जानकारी दिए ।

(क्रमशः पृष्ठ ५ मा)

### सहकारीको रकम ठगी प्रकरण
# राजीनामाको दबाबमा गृहमन्त्री लामिछाने

सहकारी ठगी प्रकरणमा गृहमन्त्री आफैं मुछिनुभएको छ । अब यसको निष्पक्ष छानबिन हुन्छ भनेर हामीले कसरी विश्वास गर्ने ? सहकारी ठगीमा कुनै प्रमाण नास नहोस् । अहिले प्रमाणहरु प्रहरीसँगै छ । निष्पक्ष छानबिनका लागि गृहमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ ।

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

यो आन्दोलनलाई संरक्षण गर्न सरकारले तत्काल अधिकार सम्पन्न छानबिन आयोग बनाउनुपर्छ र जिम्मेवारपूर्वक खोजी गर्नुपर्छ । म सरकारलाई आग्रह गर्न चाहन्छु, तत्काल अधिकार सम्पन्न छानबिन आयोग बनाऔं ।

■ **ऋषिकेश पोखरेल**
**सांसद, नेकपा एमाले**





■ प्रभाव संवाददाता

**काठमाडौं–** सहकारीको रकम हिनामिना प्रकरणमा मुछिएका गृहमन्त्री रवि लामिछानेमाथि राजीनामाको दबाब बढेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले तत्काल राजीनामा दिनुपर्ने माग संघीय संसद्मा चर्कोसँग उठाइरहेको छ । यहीबीच चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चाले पनि गृहमन्त्री लामिछानेको राजीनामा माग गरेको छ । जनमोर्चाले सोमबार सहकारीको रकम हिनामिना प्रकरणलाई नै लिएर राजीनामा माग गरेको हो ।

सत्ता गठबन्धन फेरिएसँगै गृहमन्त्री बनेका उनीमाथि त्यसअघि नै सहकारीका बचतकर्ताको रकम हिनामिना प्रकरणमा संलग्न रहेको आरोप लागेको थियो । कास्कीको पोखरास्थित सूर्यदर्शन सहकारीका बचतकर्ताको रकम हिनामिना प्रकरणमा उनी मुछिएका हुन् । सहकारी ठगी प्रकरणमा संलग्नताको आशंकामा छानबिनको दायरामा परेका उनलाई गृह मन्त्रालयको जिम्मेवारी दिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालकोसमेत आलोचना भइरहेको छ । यही कारण राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेमाथि नैतिकताको प्रश्न उठेको छ । अनुसन्धानको घेरामा रहेका व्यक्ति आफैं अनुसन्धान गर्ने प्रमुख निकायको नेतृत्वमा पुगेपछि नैतिकताको प्रश्न उठेको हो । यही विषयलाई लिएर कांग्रेसले राजीनामाका लागि दबाब बढाएको छ ।

कांग्रेस महामन्त्री गगन थापाले सोमबारको प्रतिनिधिसभा बैठकमा लामिछानेले बचनकर्ताको एक करोड रूपैयाँ हिनामिना गरेको आरोप लगाए । 'पोखराको सूर्यदर्शन सहकारीले १९ हजार मानिसको एक अर्ब ३५ करोड रूपैयाँभन्दा बढी पैसा अपचलन गरेको छ । अध्ययनले ८९ पेजको रिपोर्ट निकाल्यो । जसमा १०० जना मानिसले नक्कली खाता खोलेर करिब एक अर्ब ३५ करोड रूपैयाँ अपचलन गरेको उल्लेख छ । त्यो रिपोर्टको ८८ पृष्ठमा यसरी नक्कली खाता खोल्ने मानिसहरूमध्येको एउटा नाम हो, रवि लामिछाने,' महामन्त्री थापाले भने, 'माननीय गृहमन्त्री रवि लामिछाने माननीय हुनुहुन्छ । भोलि प्रधानमन्त्री बन्नुहोला, शुभकामना छ । बन्न पनि सक्नुहुन्छ । अलग विषय हो ।'

सहकारी ठगी प्रकरणमा गोरखा मिडिया नेटवर्क (ग्यालेक्सी टेलिभिजन)का अध्यक्ष जिबी राई र टेलिभिजनका तत्कालीन प्रबन्ध निर्देशक लामिछानेविरुद्ध सहकारी विभागमा परेको उजुरी विचाराधीन अवस्थामा छ । कास्कीको जिल्ला सरकारी वकिलको कार्यालयले असोजमा जिल्ला अदालत कास्कीमा सहकारी ऐन, २०७४ अन्तर्गत सञ्चालकविरुद्ध मुद्दा दर्ता गरेको थियो । जिल्ला प्रहरी कार्यालयले बचतकर्ताको उजुरीसँगै अन्य अध्ययन गरेर तयार गरेको प्रतिवेदन १६ असोजमा सरकारी वकिलको कार्यालयमा पेस गरेको थियो । उक्त प्रतिवेदनको ८८औं पृष्ठमा लामिछानेले रकम लागेको उल्लेख गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# विदेशी जेलमा रहेका र अस्पतालमा उपचाररत श्रमिकको उद्धारमा श्रममन्त्रीको चासो

## वैदेशिक रोजगार बोर्डसँग मागियो तथ्यांक

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले विदेशी जेलमा रहेका तथा अस्पतालमा उपचाररत श्रमिकहरूको यथास्थिति पत्ता लगाउन चासो देखाएका छन् । विदेशमा गएर विभिन्न कठिनाइ झेलेका, जेल परेका तथा लामो समयदेखि अस्पतालमा उपचार गरिरहेका श्रमिकहरूको उद्धार र राहतसम्बन्धी जिम्मेवारी पाएको वैदेशिक रोजगार बोर्डका अधिकारीहरूसँग छलफल गर्दै मन्त्री अर्यालले उक्त चासो देखाएका हुन् ।

सोमबार बोर्डका कार्यकारी निर्देशक र कर्मचारीसहितको छलफलमा मन्त्री अर्यालले वैदेशिक रोजगारीको क्रममा विभिन्न मुलुकको बन्दीगृह तथा अस्पतालमा उपचाररत नेपाली श्रमिकको अवस्था तत्काल पत्ता लगाएर जानकारी गराउन निर्देशन दिए । विशेषतः मलेसियालगायत खाडी मुलुकमा गएका नेपाली श्रमिकहरू विविध कारणले विदेशी बन्दीगृह र अस्पतालमा उपचार गराइरहेको जानकारीमा आएको भन्दै मन्त्री अर्यालले उनीहरूको वास्तविकता पत्ता लगाइ उद्धारका लागि पहल



गर्नुपर्नेमा जोड दिए ।

वैदेशिक रोजगारीमा रहेका आफ्ना नागरिकको अवस्थाप्रति सरकार जानकार हुनुपर्ने बताउँदै उनले कुनै पनि श्रमिक बन्दीगृहमा पर्नुको कारण र समस्या समाधानका उपाय खोज्न बोर्डको भूमिका महत्त्वपूर्ण हुने बताए । मन्त्री अर्यालले सबै गन्तव्य मुलुकबाट तथ्यांक संकलन गर्न निर्देशन दिँदै तत्कालै उद्धार, राहत तथा समस्या समाधानको योजना बनाउनुपर्ने बताए । 'विदेशी अस्पतालमा रहेका श्रमिकहरूको स्थानीय अस्पतालसँग सहकार्य गरी नेपालमा नै उपचार गर्ने व्यवस्था सरकारले मिलाउने छ,' उनले भने, 'बन्दीगृहमा रहेका श्रमिकलाई कानुनी उपचारका लागि पनि आवश्यक सहयोग गर्नेछौं ।' विदेशमा अड्किएका श्रमिकका शवलाई जतिसक्दो छिटो स्वदेश झिकाउने व्यवस्था मिलाउन पनि मन्त्री अर्यालले निर्देशन दिए ।

उनले विदेशमा दुर्घटनामा परेका कतिपय श्रमिकले सम्बन्धित मुलुकबाट पाउने बिमा सुविधाको विषयमा थाहा पाउन नसक्ने भएकाले यसमा पनि बोर्डले आवश्यक जानकारी लिएर पहल गर्नुपर्ने बताए । 'विदेशी मुलुकले आप्रवासी श्रमिकलाई बिमाको सुविधा प्रदान गरेका हुन्छन्, तर सबै नेपाली श्रमिकलाई यस विषयमा जानकारी नहुन सक्छ,' उनले भने, 'त्यसैले धेरै श्रमिक यो सुविधाबाट वञ्चित भएको सुनेको छु, बिमाबापत अर्बौं रूपैयाँ लिन बाँकी रहेको जानकारी पाएको छु, यस्तो सुविधाका लागि पनि बोर्डले पहल गरोस् ।'

श्रमसचिव केवलप्रसाद भण्डारीले बोर्डलाई श्रमिकको कल्याणकारी कार्यमा संवेदनशील हुन आग्रह गरे । 'बोर्डले श्रमिकको मुद्दामा संवेदनशील नभएको गुनासो छ,' उनले भने, 'त्यसैले आफ्नो जिम्मेवारीप्रति सचेत हुनुपऱ्यो, परिणाम देखिनेगरी काम गर्नुपऱ्यो ।'

बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बोर्डको दायित्व, काम कर्तव्य र अधिकारभित्र परेका कार्यलाई प्राथमिकता दिएर काम गरिरहेको बताए । उनले विदेशमा अलपत्र परेकाहरूको उद्धार र मृत्यु भएकाहरूको शव व्यवस्थापन गर्ने र नेपाल ल्याउने कार्य तदारुकताका साथ गरिरहेको दाबी गरे । साथै, विदेशी बन्दीगृह र अस्पतालमा उपचाररत कामदारहरूको यकीन तथ्यांक संकलनमा केही कठिनाइ भए पनि यसका लागि आवश्यक संयन्त्र परिचालन गरी वास्तविता पत्ता लगाउने उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमश:

### राजीनामाको दबाबमा ...

राई सूर्यदर्शन सहकारीका पूर्वअध्यक्ष हुन् । उनी हाल फरार छन् । उनै राईका साझेदार लामिछाने गृहमन्त्री भएका छन् । कांग्रेसले प्रमुख प्रतिपक्षीको भूमिकामा उत्रेदेखि लामिछानेको राजीनामा माग गर्दै संसद् अवरुद्धसमेत गर्दै आएको छ। सोमबार भने संसद्मा प्रमाण पेस गर्दै आरोपित व्यक्ति पदमा बसिरहन नमिल्ने जनाएको हो ।

गृहमा लामिछानेको उपस्थितिले प्रमाण नास हुने आशंकासमेत महामन्त्री थापाले व्यक्त गरेका छन् । 'सहकारी ठगी प्रकरणमा गृहमन्त्री आफैं मुछिनुभएको छ । अब यसको निष्पक्ष छानबिन हुन्छ भनेर हामीले कसरी विश्वास गर्ने ?,' थापाले प्रश्न गरे, 'त्यसैले अनुसन्धान नियमित ढंगले प्रहरीले गर्न सक्छ भनेर हामीले कसरी पत्याउने ? सहकारी ठगीमा कुनै एउटा प्रमाण नास नहोस् । अहिले प्रमाणहरू प्रहरीसँगै छ ।' यस विषयमा प्रधानमन्त्री दाहालबाट जवाफ आउनुपर्ने माग उनले गरेका छन् ।

महामन्त्री थापाले यो विषय टुंग्याउन मन्त्री पदबाट राजीनामा दिन लामिछानेलाई सुझाए । 'म गृहमन्त्रीलाई पनि आग्रह गर्न चाहन्छु यसलाई टुंग्याउन दिऊँ । दूधको दूध पानीको पनि हुन दिऊँ । नखाएको विष लाग्न हुँदैन । त्यसको पीडा मैले पनि भोगेको छु । यदि विष नखाएको छ भने लाग्न हुँदैन । हामी कसैले पनि न्यायाधीश बनेर त दोषी भन्न हुँदैन,' उनले भने ।

लामिछानेले भने पटकपटक आफू सहकारीको सञ्चालक नभएको दाबी गर्दै आएका छन् । यस विषयमा लामिछानेले पत्रकार सम्मेलनसमेत गरेका थिए । यस विषय गलत प्रस्टीकरण दिएर लामिछाने भाग्न नपाउने थापाको तर्क छ । 'सहकारीको सदस्य हुनुहुन्न । हाम्रो कानुनले भन्छ यो गैरकानुनी छ । उहाँको स्पष्टीकरण सुनें । तीन मिनेट २० सेकेन्डको थियो । स्पष्टीकरणमा भनिएको छ,' महामन्त्री थापाले भने, 'कसैले मेरो नाम लग्यो होला मलाई थाहा छैन । यस्तै मान्ने हो भने सम्माननीय महोदय १०० जनै मानिसको रिपोर्ट पढेँ । सय जनाले एक अर्ब रूपैयाँ लिएको प्रकृति यही हो । कसैको धितो छैन । कोही सहकारीको सदस्य होइन । कुनै प्रक्रिया पुऱ्याइएको छैन । एक अर्ब झ्वाम्म !'

यसरी एक जनालाई छोडिदिने हो भने सबैलाई छोड्नुपर्ने अवस्था आउने थापाको तर्क छ । 'एउटा सहकारीको मात्र छोडेर हुँदैन । सबै सहकारीकालाई छोड्नुपर्छ । सरकार यो गर्न तयार हो ?,' प्रधानमन्त्रीलाई थापाको प्रश्न छ ।

### लामिछानेविरुद्ध कांग्रेस आक्रामक

फागुन ३० गते प्रधानमन्त्रीले विश्वासको मत लिने कार्यतालिकाकै दिनको बैठकमा कांग्रेस सचेतक सुशीला थिङले नवनियुक्त गृहमन्त्री लामिछानेको सहकारीमा संलग्नतामाथि प्रश्न गर्दै यसको जवाफ प्रधानमन्त्रीले नदिएसम्म संसद् सहजसँग चल्न नदिने चेतावनी दिइन् । सोही दिन महामन्त्री विश्वप्रकाश शर्माले पनि लामिछानेको गृह मन्त्रालयमा यात्राबारे प्रश्न उठाए । यही विषयलाई लिएर सांसद्मा चैत १ गते सहमहामन्त्री बद्री पाण्डेले प्रधानमन्त्रीको जवाफ मागे।

चैत २ गते त कांग्रेसले सदन नै अवरुद्ध गऱ्यो । पहिलो बैठकको सुरुमै कांग्रेसका सांसद प्रदीप पौडेलले मन्त्रीबाट राजीनामा गर्न लामिछानेलाई आग्रह गरे । दुई घन्टा चलेपछि सभामुख देवराज घिमिरेले गृहमन्त्री लामिछानेलाई राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति दिएका थिए । लगत्तै कांग्रेस सांसदहरू उभिए । सांसद राजन केसीले सहकारीकै विषय उठाए । प्रमुख सचेतक रमेश लेखकले प्रतिपक्षी उठ्नेबित्तिकै सदन अवरोध भएको मानिनुपर्ने जिकिर गरे । अनुसन्धानको घेराभित्र परिसकेको व्यक्तिलाई सरकारमा बसेर काम गर्ने अधिकार नभएको लेखकको माग थियो ।

त्यसपछि बैठक केही समयका लागि स्थगित भयो । सभामुखले कार्यसूचीअनुसार दोस्रो बैठक बढाउन खोजेपछि कांग्रेस वेल घेराउमा उत्रियो । लगत्तै आइतबारसम्मका लागि बैठक स्थगित भयो । आइतबारको बैठक सांसद मञ्जु अन्सारीको निधनका कारण शोक प्रस्ताव गर्दै स्थगित भयो । सोमबार संसद्मा महामन्त्री थापाले लामिछानेको राजीनामा आउनैपर्ने आशयसहित लामो मन्तव्य दिएका हुन् । प्रधानमन्त्री दाहालले आज यस विषयमा संसद्लाई जवाफ दिने कार्यसूची रहेको छ ।

### छानबिन आयोग बनाउन माग

सत्तासाझेदार दल नेकपा एमालेका सांसद ऋषिकेश पोखरेलले सहकारी क्षेत्र बदनाम भएको भन्दै आयोग बनाएर छानबिन गर्नुपर्ने माग गरेका छन् । पोखरेलले सहकारीमा क्षेत्रमा 'धन्दावाला' हाबी हुँदा आमसहकारी 'घाइते' भएको टिप्पणी गरे ।

'त्यसैले यो आन्दोलनलाई संरक्षण गर्न सरकारले तत्काल अधिकार सम्पन्न छानबिन आयोग बनाउनुपर्छ र जिम्मेवारपूर्वक खोजी गर्नुपर्छ । म सरकारलाई आग्रह गर्न चाहन्छु, तत्काल अधिकार सम्पन्न छानबिन आयोग बनाऔं,' पोखरेलले भने, 'सहकारीको वर्गीकरण गरौं । सम्पत्तिको स्रोत प्रमाणित गरौं । ऋणीहरूको अध्ययन गरौं । ऋण फर्काउनुपर्ने बाध्यकारी प्रबन्ध गरौं । आन्दोलन बुझेको नियामक निकाय निर्माण गरौं । र, सरोकारवालासँग छलफल गरेर कानुनको संशोधन गरौं । यसरी जाने हो भने यो सहकारी आन्दोलनमा आइरहेको समस्या समाधान हुन्छ ।'

### सिआइबीले फाइल खोलेपछि बज्राचार्यको सरुवा

गृहमन्त्री लामिछानेले आफूविरुद्धको मुद्दा खोलेकी प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यलाई कारबाहीस्वरूप हेडक्वाटरमा तानेको छ । उनको ठाउँमा श्याम ज्ञवालीलाई पठाइएको छ । पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले सूर्यदर्शनको फाइल खोल्न निर्देशन दिएपछि बज्राचार्यले अनुसन्धान थालेकी थिइन् ।

उनै बज्राचार्यलाई ६१ किलो सुन प्रकरणमा गम्भीर त्रुटि गरेको आरोप लगाउँदै चैत २ गते हेडक्वाटर तानेको हो । सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगले चैत १ गते गृहमन्त्री लामिछानेलाई ६१ किलो सुन प्रकरणमा भएका कमजोरीसहितको प्रतिवेदन बुझाएको थियो ।

'आयोगले कसैलाई कमजोरी देखायो भन्दैमा कमान्ड सम्हालेको प्रमुखलाई डोमिनेट हुनेगरी दोष लगाउनु अहिलेको गृहमन्त्रीको कमजोरी हो,' सिआइबीका एक अधिकृतले भने । बज्राचार्य स्वच्छ छवि बनाएकी प्रहरी अधिकारी हुन् । तर सहकारी प्रकरणमा लामिछानेको फाइल खोल्नु नै उनको कमजोरी बनेको सिआइबीका अधिकारीहरू बताउँछन् । अनुसन्धान समितिका संयोजक रहेका प्रहरी उपरीक्षक (एसपी) सञ्जय सिंह थापा, प्रहरी नायव उपरीक्षक डिएसपीद्वय दुर्गा दाहाल र रुगम कुँवरलाई कारबाही गर्न सिफारिस गरिएको छ । थापा नुवाकोटमा हेडक्वाटरमा तानिएका छन् ।

■■■

### काण्डैकाण्डमा ...

उनको पक्राउपछि प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालले पार्टीको पदाधिकारी बैठक बोलाएका छन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बिहान ८ बजे बैठक बस्ने सचिव देवेन्द्र पौडेलले जानकारी दिए । उनका अनुसार बैठकमा महराको पक्राउबारे नै छलफल हुने छ ।

उनका छोरा राहुल यसअघि नै पुर्पक्षका लागि थुनामा छन् । उनी थुनामा पुगेको नौ किलो सुनकाण्डले नै हो । चिनियाँ तस्कर वाङसँग उनको १९५ पटक टेलिफोन कुराकानी भएको खुलेको थियो । बुबा कृष्णबहादुरले पनि वाङसँग २२ पटक टेलिफोन कुराकानी गरेको विवरण यसअघि नै सार्वजनिक भएको थियो । यसबारेको समाचार तथ्यहीन भन्दै खण्डन गर्दै आएका थिए । जाँचबुझ आयोगले बयान लिँदा पनि आफूले भन्सार अधिकारीलाई रोकिएको सामान (भेप) कानुनअनुसार छाड्न मिल्छ भने छाड्नु भनेको बयान दिएका थिए ।

उनी आपराधिक घटनाका कसुरदार बनेर पक्राउ परेको भने यो पहिलोपटक होइन । २०७६ को असोज दोस्रो साता उनी सभामुख छँदै संसद् सचिवालयकी एकजना कर्मचारीलाई बलात्कार प्रयास गरेकोजस्ता गम्भीर अपराधमा मुछिए । सोही आरोपमा उनले सभामुख पदसमेत गुमाउनुपऱ्यो ।

सुरुमा उनले तथ्यहीन भन्दै खण्डन गरे । तर, प्रहरीले महरा ती महिलाको कोठामा गएको सिसिटिभी फुटेजको आधारमा निर्क्योल गरेपछि पक्राउ गऱ्यो । यसपछि सभामुख पदबाट उनले राजीनामा दिए । त्यसबेला १३३ दिन थुनामा बसे । पछि अदालतबाट उनले सफाइ पाए । यसले महरालाई राहत पुगेको थियो । तर, यतिबेला पुनः सुन तस्करका संरक्षक बनेको अभियोगमा महरा पक्राउ परेका छन् ।

पहिलो संविधानसभा विघटन संघारमा पुग्नुभन्दा अघि संसद्बाट सरकार गठन गर्ने प्रयास जारी रहेकै बेला एक जना चिनियाँ भनिएका नागरिकसँग ५० करोड रूपैयाँ मागेको टेलिफोन वार्ता पनि महराकै थियो । त्यसबेला पनि उनी विवादमा तानिए । तर, त्यो विवाद त्यसै सेलायो । कहीं कतै उठेन । उनी लडाकु शिविर घोटाला काण्डमा पनि मुछिएका नेता हुन् । उनीविरुद्ध २०६९ मा भएको हेटौंडा महाधिवेशनमा नाराबाजीसमेत भएको थियो । यसरी महरा सर राजनीतिक जीवनमा लाभको पदमा पुग्दा अनेकन विवादित गतिविधिमा जोडिए ।

करिब पाँच दशकदेखि कम्युनिस्ट राजनीतिमा लागेका उनलाई तुलनात्मक रूपमा छिटो उचाइ लिएका नेता मानिन्छन् । २०४८ सालमा नेकपा (मशाल) को रोल्पा जिल्ला सेक्रेटरी भएका उनी त्यही वर्ष प्रतिनिधिसभा सदस्यमा निर्वाचित मात्रै ३२ वर्षका थिए । त्यसको दुई वर्षपछि नै २०५० सालमा उनी संयुक्त जनमोर्चाको संसदीय दलको नेता बने । पछि जनमोर्चा फुट्यो । जतिबेला केन्द्रीय सदस्यसमेत थिएनन् । जबकि त्यसबेला हरिबोल गजुरेल, हरिभक्त कँडेल, पम्फा भुषाल, देव गुरुङ, टोपबहादुर रायमाझी, अग्नि सापकोटा, लोकेन्द्र विष्ट, मातृका यादवलगायतका नेता केन्द्रीय समितिमा थिए । महरा माओवादी सशस्त्र विद्रोह सुरु भएको एक वर्षपछि मात्रै केन्द्रीय सदस्य भए । राजनीतिक उचाइ भने छिटो लिए । आफूभन्दा अग्रज नेताहरू अग्निप्रसाद सापकोटा र टोपबहादुर रायमाझी सम्मिलित वार्ता टोलीको संयोजक भएर युद्धकै क्रममा सरकारी वार्ता टोलीसँग शान्तिवार्ता गरे । पार्टीको प्रवक्ता भए । माओवादीभित्र संसदीय मर्यादा र अभ्यासमा पारंगत नेता मानिन्थे । त्यही भएर १२ बुँदे समझदारीको जगमा हतियार बिसाएर माओवादी शान्ति प्रक्रियामा आएपछि अन्तरिम व्यवस्थापिका संसद्मा उनले माओवादी संसदीय दलको नेताका रूपमा जिम्मेवारी पाएका थिए । सरकारका प्रवक्ता पटक-पटक भए । महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारीसहित उपप्रधानमन्त्री भए ।

पार्टीको हेटौंडा महाधिवेशनमा अध्यक्ष दाहालको उत्तराधिकारीको रूपमा महरालाई अघि बढाउने आवाज उठेको थियो । तर, त्यसबेला पोष्टबहादुर बोगटी महासचिव भए । उनी दिवंगत भइसकेका छन् । यसबेला भने उनै उत्तराधिकारीको रूपमा हेरिएको भनिएका महरा काण्डैकाण्डमा मुछिएका छन् ।

### धरौटीमा छुटे गुरुङ

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका सल्लाहकार जीवन गुरुङ धरौटीमा छुटेका छन् । उनी सुन तस्करी प्रकरणमा छानबिनका लागि पक्राउ परेका थिए । जिल्ला अदालत काठमाडौंले १५ लाख रूपैयाँ धरौटीमा छाड्न आदेश दिएसँगै उनी उक्त रकम बुझाएर सोमबार रिहा भएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सन्देश श्रेष्ठले बताए । प्लाटिनम कलेजका सञ्चालकसमेत रहेका उनलाई सिआइबीले १४ फागुनमा पक्राउ गरेको थियो ।

■■■

### विदेशी जेलमा...

त्यस्तै, सोमबार नै मन्त्री अर्यालले नेपालका श्रम गन्तव्य मुलुक मलेसिया, कतार, साउदी अरब, युएई, बहराइन, ओमान, दक्षिण कोरिया र कुवेतका श्रम सहचारी तथा श्रम काउन्सिलरसँग श्रमिकको समस्याको विषयमा 'भर्चुअल' छलफल गरेको उनको सचिवालयले जनाएको छ ।

सोमबार नै मन्त्री अर्याल र अन्तर्राष्ट्रिय श्रम संगठनको नेपालस्थित कार्यालयका निर्देशक नुमान ओज्कानबीच भेटवार्ता भएको छ । भेटका क्रममा नेपाल र अन्तर्राष्ट्रिय श्रम संगठनबीच भएका सहकार्यको स्मरण गर्दै निर्देशक ओज्कानले हासिल भएका प्रगतिमा सन्तोष व्यक्त गरेको बताइएको छ । मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै हालै केन्द्रीय श्रम सल्लाहकार परिषद्बाट स्वीकृत भएको अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धी तथा प्रोटोकलहरूलाई अनुमोदन गर्नेसम्बन्धी कार्ययोजना, गन्तव्य मुलुकहरूसँगका द्विपक्षीय श्रम आप्रवासन सम्झौता, अन्तर्राष्ट्रिय श्रम संगठनमा गर्नुपर्ने नियमित र आवधिक प्रतिवेदनलगायतका विषयमा भएको प्रगतिमाथि छलफल भएको जनाएको छ ।

त्यस्तै आसन्न अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११२औं सत्रमा नेपालको सहभागितालाई सार्थक तुल्याउने र सामाजिक न्यायका लागि विश्वव्यापी साझेदारीमा नेपालको सहभागितालाई लिएर निर्देशक ओज्कानले चासो व्यक्त गरेको बताइएको छ । सोही क्रममा गन्तव्य मुलुकमा नेपाली आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चित गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र आयमूलक बनाउनेसम्बन्धमा सहकार्य गर्ने प्रतिबद्धता दुवैपक्षबाट व्यक्त भएको मन्त्रालयले उल्लेख गरेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OKAYASU RUBBER [MALAYSIA] SDN.BHD

पुर्व स्वीकृति मिति २०८०/१२/०५ LT. No. : 301822 चलानी नं. ६०२१६५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd श्रम इजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## Free Visa!! Free Ticket!!
## युएईमा नि:शुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : RADISSION BLU HOTELS & TESORTS

पुर्व स्वीकृति मिति २०७९/०९/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No. 279415 चलानी नं. ६०१९४९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 5 | 0 | 1400 | ४९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chamberman/chambermaid | 5 | 5 | 1300 | ४५,९०५ | | | | | | | |
| 3 | Cleaner Worker | 10 | 0 | 1300 | ४५,९०५ | | | | | | | |
| 4 | Confectioner | 3 | 0 | 2000 | ७०,६२५ | | | | | | | |
| 5 | Cook General | 3 | 3 | 1600 | ५६,५०० | | | | | | | |
| 6 | Cook/confectioner Assistant | 10 | 10 | 1000 | ३५,३१५ | | | | | | | |
| 7 | Cooks | 3 | 3 | 1400 | ४९,४४० | | | | | | | |
| 8 | Foreign Food Cook | 3 | 0 | 2800 | ९८,८७५ | | | | | | | |
| 9 | General Helper | 10 | 10 | 1000 | ३५,३१५ | | | | | | | |
| 10 | Porter | 3 | 0 | 1200 | ४२,३७५ | | | | | | | |
| 11 | Receptionist Hotel | 0 | 4 | 1800 | ६३,५६५ | | | | | | | |
| 12 | Resturant Labour | 10 | 10 | 1000 | ४२,३७५ | | | | | | | |
| 13 | Steward (Steward/stewardess Restaurant) | 0 | 4 | 1600 | ५६,५०० | | | | | | | |
| 14 | Technical Worker | 15 | 0 | 1200 | ४२,३७५ | | | | | | | |
| 15 | Telephone Operator | 0 | 3 | 1200 | ४२,३७५ | | | | | | | |
| 16 | Waiter/waitress | 10 | 10 | 1200 | ४२,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सुचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् ।४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE श्रम इजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile:9802356847, 9863194839, 9802356846, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UPDAATE TRADING AND CONTRACTING W.L.L

पुर्व स्वीकृति मिति २०८०/१२/०५ LT. No. 301802 चलानी नं. ६०२१६७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 1300 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELARIS TRADING CONTRACTING & HOSPITALITY

पुर्व स्वीकृति मिति २०८०/१२/०४ LT. No. 301763 चलानी नं. ६०२१६६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६१,९५० | | | | | | | |
| 3 | Dry Clean Worker | 0 | 4 | 1000 | ३६,४४० | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९१,१०० | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1000 | ३६,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEBROTHERS CONSTRUCTION SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०४/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०५ LT. No. 290563 चलानी नं. ६०२०५९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 25 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAMA HOME CAFE SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No. 284845 चलानी नं.६०२००२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KAFE 4 SEKAWAN SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No. 284841 चलानी नं. ६०२०१५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 16 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PRECISE HARVEST SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०५/३१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No. 292656 चलानी नं. ६०२०७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STANDARD ACCESS SCAFFOLDING CONTRACTING LLC

पुर्व स्वीकृति मिति: २०८०/१२/०५ LT. No. 301858 चलानी नं. ६०२१६७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 10 | 0 | 1200 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sky Blue International Overseas Pvt.ltd.
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GDT SDN BHD

पुर्व स्वीकृति मिति २०८०/१२/०५ LT. No. 301848 चलानी नं. ६०२१६७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ELITE COATING SDN BHD

पुर्व स्वीकृति मिति २०८०/१२/०५ LT. No. 301847 चलानी नं. ६०२१६७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALPHA FAITH SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०८/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No. 295602 चलानी नं. ६०२१०६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता: रु.२,००२/- कामदार आफैंले

सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :NEW EDGE CORPORATION SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/१२/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ LT. No.282582 चलानी नं. ६०१९८१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1200 | ३५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

# ‘रुसी सेना र युक्रेनमा बन्दी भएका नेपालीको उद्धार उच्च प्राथमिकतामा’



**काठमाडौं (प्रस)–** उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले रुसी सेनामा रहेका नेपाली र युक्रेनमा बन्दी भएका नेपालीको उद्धार तथा रक्षाका विषयलाई परराष्ट्र मन्त्रालयले उच्च प्राथमिकतामा राखेको बताएका छन् । यसका लागि सम्भव सबै उपाय अवलम्बन गरिरहेको उनले बताए ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले संसद्मा उठेका विषयमा स्पष्ट पार्दै रुसी वा कुनै पनि मुलुकमा नेपालीलाई सेनामा भर्ती हुन वैधानिकरूपमा नपठाइएको बताए । त्यहाँ पुगेर सेनामा लुकिछिपी काम गर्ने र युक्रेनमा बन्दी हुन पुगेका नेपाली नागरिकको उद्धारका लागि समकक्षी मन्त्रीसँग संवाद गरेको जानकारी उनले गराए ।

उनले रूस सरकारले त्यहाँ मृत्यु भएका नेपालीका परिवारलाई क्षतिपूर्ति दिने प्रक्रिया प्रारम्भ गरेको र सेनामा काम गरेकालाई करार रद्द गरी नेपाल फर्काउन सकारात्मक पहल भइरहेको बताए । उपप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय हित तथा परराष्ट्र सम्बन्धका विषयमा गम्भीरता र संयमता अपनाउन आग्रह गर्दै कूटनीतिक आचारसंहितालाई प्रभावकारीरूपमा लागू गर्ने जानकारी दिए ।

उनले मुलुकको परराष्ट्र नीति र कूटनीतिक सम्बन्धका बारेमा राष्ट्रिय हित तथा सहमतिका आधारमा संयमतापूर्वक विचार व्यक्त गर्न संघीय र प्रादेशिकसभाका शीर्ष नेता एवं सांसदलाई आग्रह गरे ।

‘हामीले हाम्रो देशलाई केन्द्रमा राखेर कूटनीतिक मामिलामा सहमतिका साथ अगाडि बढ्नुपर्ने आवश्यकता छ, हामीले कहीँकतै अन्य स्वार्थ हाबी गर्न पुगेमा पुर्खाले दिएको सार्वभौम र स्वतन्त्र नेपालको रक्षामा गम्भीर चुनौती खडा हुन सक्छ,’ उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘त्यसैले एक स्वतन्त्र र सार्वभौम मुलुकका नागरिकका रूपमा आफूलाई प्रस्तुत गरी कूटनीतिक आचारसंहिता पालना गर्न म सबैलाई आग्रह गर्दछु ।’

# स्वयम्भू गजुरको प्राण प्रतिष्ठा



**काठमाडौं (प्रस)–** भर्खरै जीर्णोद्धार सम्पन्न स्वयम्भू महाचैत्यको मूल छत्र-गजुरको प्राण प्रतिष्ठा गरिएको छ । सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले धार्मिक परम्पराअनुसार पूजा गरी गजुरको प्राण प्रतिष्ठा गरेका हुन् ।

स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिका अनुसार २०७९ फागुन ३० गते हावाहुरीले चैत्यमा क्षति पुगेको थियो । काठमाडौं महानगरपालिका-१५ मा पर्ने उक्त स्थल विश्वसम्पदा सूचीमा सूचीकृत छ । करिब ५० लाख रूपैयाँको लागतमा त्यसको जीर्णोद्धार सम्पन्न गरिएको हो ।

पुरातत्त्व विभाग र महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुठी संस्थानको प्राविधिक टोलीले विस्तृत अध्ययन गरेपछि महासमितिले जीर्णोद्धार सम्पन्न गरेको चैत्य करिब १०६ मिटर अग्लो छ ।

अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थवीरले त्यस क्षेत्रको संरक्षणमा गरेका गतिविधिबारे जानकारी गराए । सो अवसरमा राष्ट्रपति पौडेलले महासमिति अध्यक्ष भिक्षु धर्ममूर्ति, महासचिव अशोक बज्राचार्य लगायतलाई सम्मान गरेका थिए ।

विशेषगरी बौद्ध अनुयायीले विभिन्न धार्मिक गतिविधि गर्ने उक्त स्थलमा हिनयान, महायानलगायत सबै सम्प्रदायका बौद्ध अनुयायीले आस्था प्रकट गर्ने गरेको महासमितिका प्रशासकीय अधिकृत दीपेन्द्र वैद्यले जानकारी दिए । यहाँ स्वदेशी तथा विदेशी पर्यटक घुम्न आउने गर्दछन् । यस आसपासमा रहेको अनन्तपुर र प्रतापपुर पनि केही वर्षअघि जीर्णोद्धार सम्पन्न गरिएको थियो । संस्कृतमा स्वयम्भूको अर्थ आफैं उत्पन्न भएको भूमि हो । यहाँ विपश्वी बुद्धले आएर पूजा गरेको धर्मावलम्बीको विश्वास रहेको महासमितिका इन्जिनियर राजेश सुवालले जानकारी दिए । विश्वशान्ति तथा मानवकल्याणको उद्देश्यले विभिन्न धार्मिक गतिविधि हुने गरेको बताइएको छ ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD CIRCLE RESTAURANTS COMPLEX CO W.L.L.

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 269918 | चलानी नं.६०१८५६८२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Body Builder Trainer | 5 | 0 | 170 | ७०,५८० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Cashier | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 20 | 0 | 120 | ४९,८२५ | | | | | | | |
| 4 | Cleaner (Indoor) | 10 | 0 | 90 | ३७,३६५ | | | | | | | |
| 5 | Coffee Maker / Juice Maker | 2 | 2 | 130 | ५३,९७५ | | | | | | | |
| 6 | Cook | 6 | 0 | 150 | ६२,२८० | | | | | | | |
| 7 | Fitness Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 8 | Swimming Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 9 | Waiter/waitress | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# उपनिर्वाचनका लागि निर्वाचन चिह्न प्रदान

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी वैशाख १५ गते इलाम प्रतिनिधिसभा क्षेत्र नं २ मा हुने उपनिर्वाचनमा भाग लिन दर्ता भएका २० दललाई निर्वाचन चिह्न प्रदान गरेको छ । साथै, बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ मा भाग लिन दर्ता भएका १९ दललाई दर्ता गरी निर्वाचन चिह्न प्रदान गरिएको आयोगले जानकारी दिएको छ । निर्वाचनमा राजनीतिक दलका रूपमा मान्यता प्राप्त गर्न राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १६ बमोजिम दल दर्ताको निवेदन दिने प्रयोजनका लागि राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १५ मा भएको कानुनी व्यवस्थाबमोजिम इलाममा २० र १९ राजनीतिक दललाई दर्ता गरिएको आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# बिमामा आबद्ध अस्पतालले विशेषज्ञ सेवा सञ्चालन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डले बिमामा आबद्ध भएका अस्पतालहरूलाई साताको एकदेखि तीन दिनसम्म नियमित बहिरंग विशेषज्ञ सेवा (ओपिडी) सञ्चालन गर्न आग्रह गरेको छ ।

बोर्डका तर्फबाट परिपत्र जारी गर्दै बोर्डकी शाखा अधिकृत यशोदा अर्यालले बिमामा आबद्ध अस्पताललाई नियमित ओपिडी सेवा सञ्चालन गर्न अनुरोध गरिएको बताइन् । उनका अनुसार १०० शयचासम्मको अस्पतालले हप्तामा एक दिन, २०० शयचासम्मको अस्पतालले हप्तामा दुई दिन र ३०० शयचा वा सोभन्दा माथिका अस्पतालले हप्तामा तीन दिन नजिकको आधारभूत वा प्रादेशिक अस्पतालमा नियमित विशेषज्ञ ओपिडी सेवा दिनुपर्ने छ ।

साथै, सरकारी स्वास्थ्य संस्था (आधारभूत अस्पताल, प्रादेशिक अस्पताल)हरूले आफूलाई अत्यावश्यक परेको वा देखिएको अवस्थामा विशेषज्ञको सहयोग लिनका लागि नजिकको विशिष्टीकृत स्वास्थ्य संस्थासँग समन्वय गर्नुपर्ने बोर्डकी शाखा अधिकृत अर्यालले बताइन् । उनका अनुसार हाल बोर्डमा करिब ४४० अस्पताल आबद्ध छन् ।

## मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भ लि ऋणी श्री धिरज भुजेल नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/११/२७ गते का.जि.तारकेश्वर.न.पा वडा नं. ११ नेपालटार हिलेटोल हाईट स्थित रोडको साईडमा पार्किङबाट दिनको ३:१० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार - Pulsar-220 F ABS
बाई नं. Bagmati Province -02-047-PA6422
चेसिस नं. MD2A13EX2NCM83788
इन्जिन नं. DKXCNM38180
रङ्ग - Red, Black
सम्पर्क - 9866455394

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Irrigation Feasibility Study and Construction Quality Program

Jawalakhel, Lalitpur

## Notice for Financial Proposal Opening

**Date of Publication: 19th March 2024**

This is to notify that, following firm (s) have qualified in the technical proposal for the contract: **"MASTER PLAN PREPARATION OF MADI PHANT INTEGRATED WATER RESOURCE AND IRRIGATION PROJECT (DWRI/ IFSCQP/2080/81/EOI-03)".**

| | | |
|---|---|---|
| 1. CMS-ECoCOde-Madi JV | 2. e2services-GEOC-DSC JV | 3. ERMC-SLATE-ARAGON JV |
| 4. SAP-GHC-Paragon JV | 5. G SILT-EES- Niyatra JV | 6. Sitara-Ink-Mannings JV |

The Financial Proposal of the qualified firm (s) will be opened on the day, time and venue provided below. Therefore, we would like to invite all the qualified consulting firm (s) to send their authorized representative for opening of the financial proposal as per Instructions to Consultants (ITC) 23.

**Date: 26th March 2024**
**Time: 1:00 P.M.**
**Venue: DWRI, Jawalakhel-Lalitpur, Room no. 424**

## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रकाशित मिति: २०८०/१२/०६**

यस फेदाप गाउँपालिकाको मिति २०८०/११/२० मा बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाको कार्यालयमा औषधि खरिदका लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्थान | बोलपत्रदाताको नाम,ठेगाना | कबोल रकम मु.अ.कर सहित | बैंक जमानतको रकम |
|---|---|---|---|---|---|---|
| १. | PHRM02/080/81 | औषधि तथा सर्जिकल सामाग्री खरिद | पोक्लावाङ, तेह्रथुम | निक्की फर्मा डिस्ट्रिव्यूटर्स | ३०,५७,४३०.०० | १,५७,०००.०० |

**प्रमुख प्रशासकिय अधिकृत**

## तादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार, नुवाकोट, बागमती, प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८०।१२।०६)

यस कार्यालयवाट मिति २०८०।१०।२६ गते सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्य सम्बन्धि तादी गाउँपालिकाको ठेक्का Contract ID **नं.** TRM/NCB/W/BLDG/080/81-7 को प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|
| TRM/NCB/W/BLDG/080/81-7 | Swasthya Chauki Nirman Tadi 1 | Rohana Construction (रोहना कन्स्ट्रक्सन,तादी गाउँपालिका,वडा नं ३ ) | ६५,०४,१९१।४३ |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/१२/०६)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वितीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/१२/२०

**बोलपत्र खोलिने मिति**
२०८०/१२/२१ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण | धितो सुरक्षणमा रहेको चल सम्पतिहरूको विवरण |
|---|---|---|---|
| १. | सवारी साधन खरिद कर्जा | **ऋणीहरू : बैकुण्ठ आचार्य र पुष्पलता आचार्य**<br>ठेगाना : बुढानिलकण्ठ ०१, रुद्रेश्वर, काठमाडौं<br>**(क) बैकुण्ठ आचार्य**<br>(ना.प्र.नं. २५१०२०/२५९, मिति २०४४/०४/११ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)<br>बाबु : टोक प्रसाद आचार्य<br>बाजे : खेमनाथ आचार्य<br>**(ख) पुष्पलता आचार्य**<br>(ना.प्र.नं. २५१०२०/२५९, मिति २०६७/०४/२४ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)<br>बाबु : बैकुण्ठ आचार्य<br>बाजे : टोक प्रसाद आचार्य<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**राधिका आचार्य**<br>(ना.प्र.नं. ३३४८३, मिति २०४९/११/०४ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)<br>पति : बैकुण्ठ आचार्य<br>ससुरा : टोक प्रसाद आचार्य | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधन :<br>कम्पनीको नाम : Ashok Leyland<br>सवारीको मोडेल : ALPSV 4/187<br>निर्माण वर्ष : २०१९<br>ईन्जिन नं. : EYHZ410142<br>च्यासिस नं. : MB1PCE4C2EAYE3639<br>सवारी दर्ता नं. : बा ०४ ख ३५२ |
| २. | अधिविकर्ष कर्जा | **ऋणी : ज्योति फेन्सी स्टोर**<br>प्रा.फ.र.नं. : ४०३५/२०७५/०७६<br>ठेगाना : कालिन्चोक ०९, दोलखा<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. बाबुकाजी मैनाली**<br>(ना.प्र.नं. २२१०१६/१५९, मिति २०६५/१०/२४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : रेत प्रसाद मैनाली<br>बाजे : गोपीलाल मैनाली<br>**२. बाल कुमार मैनाली**<br>(ना.प्र.नं. २२१०१६/२, मिति २०६६/०८/०१ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : रेत प्रसाद मैनाली<br>बाजे : गोपीलाल मैनाली<br>**३. ज्योती सेढाई**<br>(ना.प्र.नं. २२१०१६/३१०, मिति २०६९/१०/०३ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : बाल कुमार मैनाली<br>ससुरा : रेत प्रसाद मैनाली<br>**४. सारादा पाठक**<br>(ना.प्र.नं. २२-०१-७०/००४०५, मिति २०७०/०१/२४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : बाबुकाजी मैनाली<br>ससुरा : रेत प्रसाद मैनाली | बाल कुमार मैनाली र बाबुकाजी मैनालीको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला सुन्द्रावती गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ९३९ (५५५ व.मि.), कि.नं. ९४० (७०० व.मि.) र कि.नं. ९४३ (८० व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आगलागी नियन्त्रणको पूर्वाधार खै ?

**चैत १ गते रामेछापको रामेछाप नगरपालिका–९ स्थित स्थानीयको घरमा आगलागी हुँदा एक करोड ८४ लाख रूपैयाँ बराबरको क्षति भयो । चैत ३ मा सप्तरीको राजविराजमा रहेको कृष्ण लेडिज टेलर्समा आगो लाग्दा ३० लाख रूपैयाँ बराबरको क्षति भयो । चैत ३ मा भोजपुरको टक्सारमा आगो लाग्दा छ घर जलेर नष्ट भए । भोजपुरकै हतुवागडीमा आगलागी हुँदा एकै परिवारका तीन बालबालिकाको मृत्यु भयो । सोही दिन मोरङको रंगेली बाबुसाहेब टोलमा आगो लाग्दा १९ घर जले । मोरङकै शनिश्चरेमा शुक्रबार राति आगो लाग्दा एक करोड ५० लाख रूपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक रिपोर्ट छ । शनिबार उदयपुरको रौतामाइ भोर्लेनीको सामुदायिक वनमा आगो लाग्दा तीन घरसमेत सखाप बनायो । सुनसरीको बर्जुमा शनिबार आगो लाग्दा १५ घर जलेर नष्ट भए ।**

**केही दिनयता यसरी नै आगलागी भएका घटनाको ‘हेडलाइन’ बन्न थालेको छ, समाचारहरूमा । गर्मी याम सुरु हुनुपूर्व हावाहुरी चल्दा देशका विभन्न जिल्लामा आगलागीका घटना बढ्दो छ । यस्तो घटना हरेक वर्ष हुने गर्छ । सरकारले सहरी क्षेत्रका लागि दमकलको व्यवस्था गरेको भए पनि ग्रामीण क्षेत्रमा यस्तो व्यवस्था छैन । सडक, विद्युत्, यातायातमा लगानी गरेको सरकारले यसरी आगलागी हुँदा सावधानी अपनाउन भन्दै आग्रह गर्नेमात्र हो । अरू गर्नसक्ने हैन ।**

**आगलागी डरलाग्दो घटना हो । यो नियन्त्रणका लागि सबैभन्दा पहिलो हो, पूर्वतयारी । आगलागीका घटना जुनसुकै बेला जहाँ पनि हुन सक्छ । आगो नियन्त्रणको सबैभन्दा उत्तम उपाय पानी नै हो । तर नेपालका ग्रामीण क्षेत्रदेखि सहरी क्षेत्रमा पानीको अभाव छ । जलस्रोतको धनी देश भनेर गफ जोतेको सरकारले खुल्ला क्षेत्रमा पानीको जोहो हुनेगरी पोखरी र ड्यामहरू बनाउन सकेको छैन । यतिमात्र हैन पानीको स्रोतकै संरक्षणमा सरकारको चासो देखिन्न । स्थानीयस्तरमा उपलब्ध ढुंगेधारा, इनार, पोखरी, कुवा, जरुवा, कुलो, ताल आदिको समय–समयमा सरसफाइ र मर्मतसम्भार गरेर जोगाउन सके आगो लाग्दा यहाँका पानी अचुक औषधि हुन सक्छन् ।**

**यसैगरी आगो लाग्दा कसरी बच्ने, के गर्ने भन्ने विषयमा तालिमसमेत हुँदैन । विकसित देशमा महिनाको एक पटक आगो लाग्दा अपनाउनुपर्ने सुरक्षा व्यवस्थाबारे तालिम दिइन्छ । नेपालमा माटो सुहाउँदो पूर्वाधार भनेको पानीको स्रोतको संरक्षण हो । वडावडामा हेलिप्याड बनाउनुभन्दा पोखरी बनाउनुतिर सरकारले ध्यान दिए आगामी दिनमा आगलागीबाट क्षति कम हुने थियो ।**

# पर्यटकीय राजधानी घोषणापछिको पोखरा

▸▸ रामबहादुर थापा

> पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने विषय लामो समयदेखि बहसमा थियो । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पटकपटक उक्त घोषणाका लागि संघ सरकारलाई औपचारिक प्रस्ताव गर्दै आएको थियो । प्रदेश सरकारले गत मंसिर १२ गते अध्ययन समिति बनाएर काम थालेपछि पर्यटकीय राजधानी घोषणाको योजनाले मूर्त रूप पाएको हो । प्रधानमन्त्री दाहालले आइतबार आयोजित भव्य समारोहका बीच उक्त घोषणा गरेका हुन् ।

‘प्राकृतिक सांस्कृतिक, तथा साहसिक क्षेत्रको अद्वितीय संगम पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गर्दछु,’ प्रधानमन्त्री पुष्पकमल दाहालले औपचारिकरूपमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्दा समारोहस्थलमा तालीको गडगडाहड गुञ्जिएको थियो । उसो त पोखरेलीले आइतबार बिहानैदेखि उत्सव मनाइरहेका थिए ।

आफ्नो प्रिय सहर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने समारोहमा उनीहरू झाँकी र नाचगानसहित सामेल भएका थिए । फेवाताल छेउ बाराहीघाटमा उल्लासको माहोल छाइरहेको थियो । पोखरालाई पर्यटकीय राजधानी बनाउने वर्षौंअघिदेखिको सपना पूरा हुँदा पोखरेलीहरू खुसीले गद्गद् थिए । एकापसमा बधाई साटिरहेका देखिन्थे ।

पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने विषय लामो समयदेखि बहसमा थियो । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पटकपटक उक्त घोषणाका लागि संघ सरकारलाई औपचारिक प्रस्ताव गर्दै आएको थियो । प्रदेश सरकारले गत मंसिर १२ गते अध्ययन समिति बनाएर काम थालेपछि पर्यटकीय राजधानी घोषणाको योजनाले मूर्त रूप पाएको हो । प्रधानमन्त्री दाहालले आइतबार आयोजित भव्य समारोहका बीच उक्त घोषणा गरेका हुन् ।

त्यस क्रममा उनले पोखरा प्राकृतिक, सांस्कृतिक तथा साहसिक वैभवको संगमका रूपमा रहेको बताए । ‘विशिष्ट पहिचान बोकेको पर्यटकीय नगरी पोखरालाई मुलुककै पहिलो पर्यटकीय राजधानीका रूपमा घोषणा गर्न पाउँदा विशेष गर्व र हर्षको महसुस भएको छ,’ प्रधानमन्त्रीले भने, ‘यो घोषणाले पोखरा मात्र नभएर, गण्डकी प्रदेश र सिंगै देशको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास मैले लिएको छु ।’

यसअघि गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा गठित ११ सदस्यीय अध्ययन समितिले गत पुस २६ गते प्रतिवेदनसहित पर्यटकीय राजधानी घोषणा गर्न प्रदेश सरकारलाई सिफारिस गरेको थियो । पर्यटन विज्ञसहितको उक्त समितिले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न आवश्यक मापदण्ड पूरा भएको औंल्याएपछि उक्त घोषणा गरिएको हो । समितिले पर्यटकीय गन्तव्यको पहिचान तथा प्रचारप्रसार, पर्यटकीय पूर्वाधारको विकास र विविधीकरण, मापदण्ड, सेवाको गुणस्तरलगायत २० सूचकमा टेकेर अध्ययन गरी प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो । सोही आधारमा गत फागुन २३ को मन्त्रिपरिषद् बैठकले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय गरेको थियो ।

अध्ययन प्रतिवेदनले तीन वर्षे, पाँच वर्षे र दीर्घकालीन योजनालाई समेटेको आयोगका उपाध्यक्ष डा देवकोटाले जानकारी दिए । अल्पकालीन रणनीतिअन्तर्गत पूर्वाधार विकास तथा विस्तार, सांस्कृतिक सम्पदाको प्रवर्द्धन र ‘ब्राण्डिङ’ तथा बजारीकरणमा जोड दिइएको छ । विशिष्कृत पर्यटन विकास, बसोबासका विकल्पको विविधीकरण र व्यावसायिक जनशक्तिको उपलब्धतालाई मध्यमकालीन रणनीतिमा समावेश गरिएको छ भने दीर्घकालीन रणनीतिमा दिगोपन र समावेशिता, विद्युतीय पर्यटनलगायत विषय समेटिएको छ ।

### पर्यटकीय राजधानी घोषणाका आधार

पर्यटकीय गतिविधि, सहज पहुँच, पर्यटकीय सुविधा, जागरुक निजी क्षेत्र र पर्यटनमैत्री कानुनी संरचनालाई आधारभूत पूर्वसर्त मानेर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न सकिने पर्यटन क्षेत्रका विज्ञ बताउँदै आएका थिए । हिमाल र तालतलैयाको अवलोकन, डुंगा सयर, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाललगायतको पदयात्रा, प्याराग्लाइडिङ, जिपलाइन, अल्ट्रालाइट, बञ्जी जम्प, केबुलकार, चरा अवलोकन, विभिन्न सांस्कृतिक मेला, महोत्सवलगायत पोखराका पर्यटकीय गतिविधिमा पर्छन् । उत्तरपट्टि लहरै देखिने हिमशृंखला पोखराका मुख्य आकर्षण हुन् । तालतलैयाको सहरको उपमा पनि पोखरालाई दिइन्छ ।

फेवा, बेगनास, रूपालगायत मनमोहक ताल यहीँ पर्छन् । प्राकृतिक, भौगोलिक र साँस्कृतिक विविधतायुक्त सौन्दर्यले पोखरा सुसज्जित छ । प्राचीन कला, सभ्यता र सांस्कृतिक पर्यटनका दृष्टिबाट पनि उत्तिकै वैभवशाली छ पोखरा । यहाँका जातीय पर्व, परम्परा र रीतिरिवाजले पनि पर्यटकलाई लोभ्याउने गर्छ । परम्परा झल्काउने गीत, नाच र झाँकी पोखराका सांस्कृतिक धरोहर हुन् । साहसिक पर्यटन गतिविधिमा पनि पोखराको नाम अघि आउँछ ।

पर्यटकस्तरका ५०० भन्दा बढी सुविधायुक्त होटल, पोखरा वरपरका डाँडाकाँडामा रिसोर्ट, घरबास पर्यटन (होमस्टे), सुविधायुक्त रेस्टुराँ, कफी शप, बार, लाउन्ज बार, सभा-सेमिनारका लागि सभाकक्ष र प्रदर्शनीस्थल पोखरामा छन् । हवाई र सडक दुवै मार्गबाट सहज रूपमा पोखरा आउजाउ गर्न सकिने सुविधा छ ।

पर्यटकको सहजताका लागि पर्यटक बस, ट्याक्सीलगायतको यातायात सेवा पोखरामा उपलब्ध छ । पर्वतारोहण र पदयात्रामा निस्कने पर्यटकका लागि चाहिने उपकरण, पोशाक आदि किनमेलका लागि पसल र डिपार्टमेन्टल स्टोर पनि पर्याप्त रहेका छन् । बैंक, एटिएम सेवा, विदेशी मुद्रा सटहीका लागि काउण्टर उपलब्ध छन् । संकटमा परेका पर्यटकको उद्धार र राहतका लागि हेलिकप्टर सेवासहित स्तरीय अस्पताल पोखरामै सञ्चालित छन् ।

पर्यटकहरूको सेवाका लागि सञ्चालित ट्राभल्स एजेन्सी, ट्रेकिङ एजेन्सीलगायत व्यावसायिक संगठनहरू क्रियाशील छन् । पर्यटन क्षेत्र हेर्ने राज्यका निकाय पनि पोखरामै केन्द्रित छन् । प्रदेश सरकारमा छुट्टै विभागीय मन्त्रालय छ । पर्यटनका यिनै प्रचुरताका कारण पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुपर्ने आवाज उठ्दै आएको थियो । कोभिड-१९ महामारीअघि नेपाल भित्रने विदेशी पर्यटकमध्ये झण्डै आधा पर्यटकले पोखरा घुम्ने गरेको सरकारी तथ्यांकले देखाउँछ ।



आन्तरिक पर्यटनको पनि ठूलो हिस्सा पोखराले ओगट्छ । बर्सेनि करिब १० लाख आन्तरिक पर्यटकले पोखरा घुम्ने गरेको अनुमान गरिन्छ । कोभिड-१९ महामारीयता पर्यटक आगामनको औपचारिक तथ्यांक भने कुनै निकायसँग पनि छैन । फ्रान्सेली नागरिक मौरिस हर्जगले सन् १९५० मा पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गरेसँगै पर्यटनमा बामे सरेको पोखरा ७४ वर्षको दौरानमा पर्यटकीय राजधानी बन्न सफल भएको छ ।

### पोखरा आउँदा कहाँ–कहाँ घुम्ने ?

प्रदेश राजधानीसमेत रहेको पोखरा आउने पर्यटकले आसपासका जिल्लामा रहेका गन्तव्यमासमेत पुग्ने गरेका छन् । पोखरामा फेवाताल, बेगनासताल, रूपाताललगायत गरी विश्व रामसार सूचीमा सूचीकृत नौ ताल छन् । पोखरा आउने पर्यटक तालतलैया, हरिया डाँडाकाँडा र हिमाल देखेर लोभिन्छन् । हिमशृंखला, अन्नपूर्ण आधार शिविर, पातले छाँगो, विश्व शान्ति स्तुपा, महेन्द्र गुफा, विन्ध्यवासिनी मन्दिर आदि कास्कीका प्रमुख पर्यटकीय गन्तव्य हुन् ।

पोखरादेखि दुई घण्टाको दूरीमा पर्ने बागलुङका गन्तव्यस्थल पनि पर्यटकको रोजाइमा पर्ने गरेका छन् । त्यहाँ कालिका भगवती मन्दिर, ढोरपाटन सिकार आरक्ष, विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट, शालिग्राम संग्रहालय, घुम्टेको लेक, गलकोट दरबार, गाईघाट झरना, भैरवस्थान मन्दिर, भकुण्डे, गाजाको दहलगायत छन् ।

तिलिचो ताल, अन्नपूर्ण पदमार्ग जस्ता प्राकृतिक सम्पदा, हिमाजी जनजीवन र संस्कृतिका कारण मनाङ पर्यटकको रोजाइमा पर्छ । हिमालपारिको जिल्ला मुस्ताङमा प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ, दामोदर कुण्ड, लोमान्थाङ दरबार, प्राचीन गुफा, कलाकृति, ढुम्बा ताल, कागबेनीलगायत चर्चित गन्तव्यस्थल छन् । म्याग्दी पनि प्राकृतिक पर्यटनका दृष्टिबाट अगाडि छ । धवलागिरि हिमाल, धवलागिरि आधार शिविर, पुनहिल, घोरेपानी, रूपसे छहरा, अन्ध गल्छी, खोप्रा लेक, गलेश्वरधाम आदि त्यहाँका मुख्य पर्यटकीय गन्तव्य हुन् ।

पर्वतका पर्यटकीय गन्तव्यमा जलजला, हम्पाल, कालान्जर पर्वत, पञ्चासे, गुत्तेश्वर गुफा, सेतीवेणीलगायत पर्छन् । अग्ला र लामा झोलुंगे पुलले पनि पर्वतलाई चिनाउँछ । निजी क्षेत्रको लगानीमा सञ्चालित बञ्जी जम्पलगायत साहसिक पर्यटन गतिविधिले पनि पर्वतको आकर्षण बढेको छ । पर्यटकीय गाउँ सिरुबारी, कालभैरव मन्दिर, आलमदेवी, छायाँ क्षेत्र, साल्मे-डाँडाजस्ता गन्तव्यस्थल स्यांजाको पर्यटनका आधार हुन् । राम्दीघाट, मिर्मीजस्ता पर्यटकीय आकर्षणका ठाउँ स्यांजामा छन् ।

लमजुङमा ऐतिहासिक लमजुङ दरबार, राइनासकोट, इलमपोखरी, घलेगाउँ, भुजुङ गाउँ, काउलेपानीलगायतका पर्यटकीय गन्तव्य छन् । ऐतिहासिक गोरखा दरबार, गोरखा संग्रहालय, मनकामना मन्दिर, मनास्लु हिमाल, मनास्लु संरक्षण क्षेत्रजस्ता ठाउँले गोरखाको पर्यटकीय आकर्षण बढाएका छन् । व्यास क्षेत्र, तनहुँसुर दरबार, देवघाटधाम, बन्दीपुर, ढोरबराहीलगायत धार्मिक तथा पर्यटकीयस्थल तनहुँमा छन् । मौलाकालिका मन्दिर, त्रिवेणी गजेन्द्र मोक्षधाम, देवचुली जस्ता ठाउँ नवलपुरका आकर्षण हुन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए । उनका लागि केही कुनै आकर्षक वस्तु थिएन । एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो ।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- ‘महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ । सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो ।

भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहुन्जेल यो सारा राज्य सुरक्षित छ । यही नै विश्वास मेरो विदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ ।’

‘राक्षसको मुखको भाव अत्यन्तै विह्वल पार्ने खालको थियो । उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । उनी अवरुद्ध घाँटीले भन्दै थिए- ’तपाईंले सम्पूर्ण कुरा दिएर आज मेरो सर्वस्व लुट्नुभयो । म जान्दैनथें, चाणक्यका हृदयमा दया र त्यागको अतुलित भण्डार पनि लुकेको छ, राज्यको सम्पूर्ण सुखमा जीवनभरि आचार्यको अभावले मुटु घोचिरहनेछ ।’

‘अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।’

‘त्यस्तै यी सबै राजा आफू - आफूमा स्वतन्त्र छन्, तर तपाईं सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ । यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ ।’

यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि ‘राजर्षि चाणक्यलाई जय’ ‘महात्मा चाणक्यको जय’ उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे ।




# भगवान्‌का अनुहार !

को कसका भगवान् हुन् ? को कसका शैतान हुन् ? आजकल बुझ्नै गाह्रो भएको छ । विश्वासभन्दा ठूलो सत्य, धर्म र भगवान् सायद हुँदैन होला । भगवान्‌मा विश्वास नगर्नेहरू झनै भगवान्‌को पछि लाग्ने छन् । कोही ढुंगाको भगवानको पछि लाग्छन्, कोही शक्ति लिएर बसेका योगीको पछि लाग्छन् त कोही सत्तामा बसेका ब्वाँसाहरूलाई भगवान् मानिरहेका छन् ।

कहिलेकाहीँ त्यही विश्वासलाई भगवान् मानेर पुजिरहेकाबाटै धोका भयो भने मन रुन्छ । अहिले कृष्णजीलाई त्यही नै भएको छ । कहिले गोपिनीहरू लगाएर चिर हरण गर्ने काम, कहिले सुनको गुन लगाएर पत्तासाफ बनाउने काम भयो उनकै भगवान् ‘प्रचण्ड’बाट ।

उनी बहादुर थिए कि थिएनन् थाहा छैन । तर आफन्तको मृत्युमा शोक मनाउन हिँडेका कृष्णलाई वरिपरिबाट छेको लगाएरै मुसा समातेजस्तै च्याप्प समातियो । उनको बहानलाई जुन बाटो आयो त्यही बाटो फर्काएर हवाइजहाज नै चढाएर ल्याइयो ।

रक्षकहरूले च्याप्प घेरा हाल्दै लावण्ड देशका नवराजलाई हात्तीले बोकेर ल्याएजस्तै कृष्णजीलाई विमानस्थल पुऱ्याइयो । कृष्णजीको अनुहारमा विगतको जस्तो तेज थिएन । उनको विगतको रंगीन तेज अर्धांगिनीको स्वर्गवास भएसँगै क्रमशः खुइलिँदै गएको थियो । खुइलिँदै गएको कपाल, त्यस्तै भएको अनुहारको तेजमा कृष्णजीलाई यस्तो लिला होला भन्ने हेक्कै थिएन । सुनको गुनका लागि रक्षकहरूको घेराबन्दीमा परेका कृष्णजीले आफ्ना विश्वासलाई तार चिठ्ठी हानी पो हाले !

तार चिठ्ठीमा शब्द प्रदान भए । तर आदान भएन । लामो समयसम्म स्वीकार गरेको विश्वास, सत्य धर्म सबै निमेषभरमा चकनाचुर भयो । अहिले भगवान् विष्णुका अवतारमा रहेको पुष्पक विमानमा सवार हुने पुष्पकमललाई कृष्णजीले दुःखेसो गरे- ‘कमरेड, के यो न्यायसंगत हो र ? शोकमा डुबेर हिँडेको मलाई तपाईंका रक्षकहरूले भक्षक नै बनाइदिए कमरेड !’

कृष्णजीको सोधाइमाथि कमरेडको कुनै उत्तरले लामो समयसम्म मानेको विश्वास ढुंगामा परिणत भएजस्तै भयो । अर्थात् कष्टका बेला भगवान् जति नै पुकारे पनि ढुंगा पग्लिन्थ्यो होला तर पुष्पकमल पग्लिएनन् !

विष्णुका अवतार लिएका पुष्पकमल आफ्ना शिष्य कृष्णलाई भन्छन्, कमरेड अहिले सत्ताको जो कुरा छ । तलमाथि भयो भने दुश्मनले फेरि धारे हात लगाउँछन् । पाए यिनीहरूले टाउकैको मोल फेरि तोक्न सक्छन् ? ‘अहिले सुग्रिवकै हातमा सबै कुरा जिम्मा लगाएको छु । म आफूलाई यो अवस्थामा कसरी रछ्यानमा पुऱ्याउन सक्छु र कमरेड ! जे हुनु भयो, भयो । अब आफैं सम्हालिनुहोला ।’

विश्वास नै भगवान् हो भन्ने सायद कृष्णजीलाई पहिले नै थाहा थियो, र एउटा कालखण्ड बिताइदिए । तर भगवान्‌ले आफ्नो गद्दीका लागि कृष्णजीहरूलाई लम्पसार बनाइदिए ।

जसरी रावण आफ्नै भाइ विभिषणका कारण समाप्त भएका थिए । सायद कृष्णजीका कारण पुष्पकमल समाप्त हुने हुन् कि पुष्पकमलका कारण कृष्णजी सकिने हुन् ! तर कमरेड संकटमा विश्वास नै भगवान् मानेर हिँडेकालाई संरक्षण गर्नुपर्ने हो कि ! ‘हस् ! ओके, बाई कृष्णजी !’ हावा चिठ्ठी फचाट्ट काट्छन् ।

मनमनै कृष्णजी सोच्छन्- थुइक्क साला जिन्दगी । बरू त्यही मास्टरको जागिर नै ठीक थियो । कम्तीमा आजको दिन त देख्नुपर्ने थिएन । पाप धुरीबाट कराउँछ भन्थे हो रैछ । विश्वासले आज एउटा सुग्रिव आफ्ना सेनाहरूलाई समुद्रमा पुल बनाउने कार्यमा सक्रिय तुल्याइरहेका छन् । सायद रामायण कथाको किस्किन्धा राज्य हात पार्ने योजनामा नै होला । दशौं वर्ष विश्वास गरेर रणभूमिमा लागेका कृष्णजीको रथले सायद काम गरेन । भगवान्‌लाई सधैं भगवान् नै बनिरहन मन लागेको हुनसक्छ । त्यही भएर पनि होला कमरेड सुग्रिवहरूसँग किस्किन्धा राज्यमा दंग छन् ।

अहिले कुनै पनि विश्वास अर्थात् भगवान्‌का अनुहारमा चमक छैन । चमक छ त केवल सुग्रिवकै छ । सुग्रिवहरू राज्य हत्याउने प्रयासमा छन् । त्यही भएर अब कृष्णजीहरूलाई लंकातिर पठाउनुपर्छ भन्ने सुग्रिवहरू सोचिरा’छन् ।

विचरा विष्णुका अवतार लिएर बसेर पुष्पविमान चढेर मात्र के काम ? शक्तिशाली रावण भएर के काम ? एउटा वानरले पुरै लंका ध्वस्त पारिदिएको छ । कमरेड पुष्पकमल, अब कृष्णजीहरू मात्र होइन अरूलाई पनि घिसार्दै लैजाने भगवान्‌हरू अनुहार देखाउनुपर्ने छ । सुग्रिव भन्छन्, ‘यो कृष्णजीलाई कंशका हातमा मात्र पुऱ्याएको हो । यहाँ धेरै कृष्णजीहरू छन् सबलाई पालैपालो धुसुमुन्ट्याउनुपर्छ ।’

सुग्रिवको रामकहानीमा दंग परेका विष्णु राम भेट्न सक्छन् कि सक्दैनन् थाहा छैन तर दाम भने राम्रै भेट्छन् । कृष्णजीको फुङ उडेको अनुहारमा कतिको भगवान्‌का अनुहार पनि आइरहेका होलान् । उता खड्गबहादुर काका ‘बल्ल पऱ्यो निरमाया माकुरी जालैमा’ भन्दै सारंगी रेट्दै छन् । नेत्रहरू नेत्र चम्काउँदै बल्ल खाली ठाउँ भर्न पाउने भो भन्दै एक प्याक ठोक्दै छन् ।

विचरा कृष्णजी भने आफ्नो विश्वासबाट साथ नपाउँदै भिमसेन थापा होलान् भन्ने डर पनि छ । कमरेडहरूलाई ! कर कमरेडहरूलाई कमाउरेडले साथ थिएका छन् । राजा नभएर राज्य अड्केको देश हो र ? बरू किस्किन्धा राज्य बनाउने नि ? कमरेडहरूलाई बालै भएन । कृष्णजीहरूलाई गोपिनीहरूले आफ्नो बाटो लगाइदिन्छन् ।

रामराज्य बनाउँछ भन्नेले ल्याएको गणऽतन्त्र पनि देखियो ? कृष्णजीले रथ हाँकेर अर्जुनलाई दिएको दुष्टि पनि भोगियो ? पहिलेको पुराणमा पो एउटै विष्णु भगवान्‌ले राज गर्थे ? अहिले त विष्णु भगवान्‌का रूप पनि कति हो कति हो ? भगवान्‌का रूपमा लिएर रावणको व्यवहार गर्नेहरूले रामराज्य बनाउँछु भन्दा कसले पो पत्याउला र ? विचरा कृष्णजी त आफ्नो भगवान्‌ले नपत्याउने थापाथलीतिर पाचक चपाउन जानु परेको छ !

‘जाऊ कमरेड जाऊ, तिमी आफ्नै हात समाऊ । तिम्रा भगवान्‌का रूप त कुरूप भइसक्यो ! कुरूप अनुहारले तुरूप हानेपछि न त सुनको गुनले काम गर्छ ।’ कृष्णजीले मनमनै आफ्ना भगवान्‌का अनुहार सम्झँदै भन्छ र रक्षकहरूसँग जान्छन् ।

तर रक्षकहरूसँगै गएका कृष्णजीलाई स्वास फेर्न कठिन हुन्छ । उनी स्वाँ स्वाँ गर्छन्, भर्खर पहाड चढेर आएको भरियाजस्तै । पहिले बोकाउन लगाइएका सुनका भारीले उनलाई बल्ल पो थिच्दै छ । उनका भगवान्‌लाई उनलाई सुनको भारीको थिचाइबाट बचाउँछ कि अझै थिचाउँछन् । जे छ उनकै भाग्यमा छ ।

कर्मअघिका भइपर्छ आई
बुद्धि उहीमा फिर्ज जाई
आफ्नै भाग्यमा जति लेखिएको
को छन् मेट्ने भगवान् देखिएको ?

# इलाका प्रशासन कार्यालय स्थापनाको माग

**बाजुरा–** जिल्लाको पूर्वी र उत्तरी भेगका चार पालिकाका नागरिक इलाका प्रशासन कार्यालय स्थापनाको माग गर्दै आइतबारदेखि आन्दोलित भएका छन् ।

कुण्डा भेगका नागरिकले राज्यको सेवा लिन वर्षौंदेखि सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य गर्न तथा उक्त क्षेत्रका नागरिकलाई नागरिकतालगायत अन्य सेवा प्रवाह इलाका प्रशासन कार्यालय स्थापनाबाट सहज हुने भएकाले त्यसो हुनुपर्ने माग गर्दै उनीहरू आन्दोलित भएका हुन् ।

आइतबार जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई शान्तिपूर्ण दबाब ऱ्याली गर्दै ज्ञापनपत्र बुझाएको कुण्डाली सेवा समाज बाजुराका संयोजक नृपबहादुर थापा (भोटे)ले जानकारी दिए । उनले कुण्डा क्षेत्रका नागरिकले राज्यबाट प्रदान हुने नागरिकता, विभिन्न सिफारिस लिन आफूहरूले हजारौं रूपैयाँ खर्च गरेर आउनुपर्ने बाध्यत्मक अवस्था रहेकाले त्यसको अन्त्यका लागि इलाका प्रशासन कार्यालय स्थापनको मागसहित आन्दोलन गर्नुपरेको बताए ।

उनले सुदूरपश्चिम प्रदेशको गौरवको सडक मार्तडी-कोल्टी सडकमा नियमित बस सेवा सञ्चालन गर्न माग गरेको बताएका छन् । भौगोलिक विकटताका कारण माथिल्लो क्षेत्रका चार पालिकाका नागरिकले राज्यको सेवा दुर्गम बस्तीका नागरिकले चार दिन लगाएर सदरमुकाम आउनुपर्ने परिस्थिति भएकाले इलाका प्रशासनका लागि दबाबमूलक आन्दोलन गर्न बाध्य भएको कुण्डाली क्षेत्रका नागरिक हीराबहादुर रोकायाले बताएका छन् ।

प्रमुख जिल्ला अधिकारीलाई कुण्डाका नागरिकले पहिलो चरणमा प्रशासनलाई शान्तिपूर्ण दबाबमूलक ऱ्याली र ज्ञापनपत्र बुझाएको उनले बताए । सरकारले कुण्डाली क्षेत्रका नागरिकको माग सुनुवाइ नगरपछि चरणबद्ध आन्दोलनका कार्यक्रम अघि सार्दै माग पूरा नभएसम्म दबाबमूलक कार्य जारी राख्ने उनीहरूको भनाइ रहेको छ ।

ज्ञापनपत्रमा तत्कालका लागि मार्तडी कोल्टी सडकखण्डको स्तरोन्नति नहुँदा बोलेरो जिप चल्ने गरेकाले नियमित बस सेवा सञ्चालनका लागि स्थानीय तहसँग समन्वय गरी सडक मर्मत गर्न सहजीकरण गरी बस दीर्घकालीन समस्या समाधानका लागि पूर्वाधार कार्यालयले निर्माण व्यवसायीलाई दबाब दिनुपर्ने, पूर्वी उत्तरी क्षेत्रको उपयुक्त स्थानमा इलाका प्रशासन कार्यालय हुने गरी जिल्ला प्रशासन कार्यालय बाजुराबाट सिफारिस भएको प्रगतिको राजनीतिक दल र प्रशासनलाई दबाब दिने र कुण्डाली सेवा समाजले जिल्लाबाट विभिन्न दलबाट नेतृत्व गर्ने दलका नेता तथा सांसद पूर्वसांसद र कर्मचारीलाई मार्तडी-कोल्टी नियमित बस सेवा र इलाका प्रशासन कहिले स्थापना हुन्छ ? म्यासेज गर्ने लेखिएको छ ।

कुण्डा क्षेत्रका जिल्ला सदरमुकाम मार्तडीमा बसोबास गर्दै आएका नागरिकको गत शनिबारको भेलाले दबाबमूलक ऱ्याली तथा धर्ना कार्यक्रम अघि बढाउने निर्णय गरेको संयोजक थापाको भनाइ रहेको छ ।

उत्तरी क्षेत्रका नागरिकले वर्षायाममा प्रशासनबाट सरकारी सेवा लिनका लागि सहज नभएकाले उनीहरूले राखेका माग सकारात्मक भएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताएका छन् । ज्ञापनपत्र बुझ्दै उनले सम्बन्धित मन्त्रालय र ज्ञापनपत्रमा उल्लेख गरिएका दल तथा व्यक्तिलाई पठाउने प्रतिक्रिया दिए । *रासस*

# एक सातापछि खुल्यो कर्णाली पुल

**कैलाली (प्रस)–** आगलागीका कारण बन्द भएको कर्णालीको पुल सोमबारदेखि खुलेको छ । आगलागीबाट भएको क्षतिको परीक्षणपछि पुल खुलेको हो ।

'पुलको अवस्थाका बारेमा हामीले स्थलगत परीक्षणपछि विज्ञसँग छलफल गर्दा त्यसबाट आवागमन गर्न कुनै समस्या नहुने भएकाले सोमबारदेखि यातायातका साधन सञ्चालनको अनुमति दिएका छौं,' नेपालगञ्जस्थित सडक डिभिजन कार्यालय इञ्जिनियर निरज शाक्यले भने ।

गत सोमबार पुलमा आगो लागेको थियो । पुलमा गुडिरहेको ट्रकमा लागेको आगो पुलका १४ वटा सहारा लट्ठामा लाग्दा केही क्षति भएको थियो । विज्ञ टोलीले पुलको स्थलगत निरीक्षण गरेको थियो ।

## पृष्ठ १ बाट क्रमशः

**आठजनाको मृत्यु...**

घाइतेलाई एम्बुलेन्स तथा गाडी व्यवस्थापन गरी बागलुङ पठाएको उनको भनाइ छ ।

पूर्वी रुकुमदेखि काठमाडौंका लागि छुटेको बागमती प्रदेश ०१-००६ ख ३८७९ नम्बरको बस सोमबार साँझ सवा ५ बजे बागलुङको निसीखोला गाउँपालिका-६ जाउलेपानीस्थित मध्यपहाडी लोकमार्गमा दुर्घटना भएको थियो । बस सडकदेखि १५० मिटर तल खसेको छ ।

प्रहरी निरीक्षक विकका अनुसार सातजनाको घटनास्थलमै मृत्यु भएको र एकजनाको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको हो । मृत्यु हुने अधिकांश रुकुमका रहेको हुँदा घटनास्थलमै मृत्यु भएका सातजनाको शव संकलन गरी रुकुम पठाइएको उनको भनाइ छ । बाटोमा मृत्यु भएकामध्ये एकजनाको शव बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमै राखिएको प्रहरी निरीक्षक विकले बताए । *(राससको सहयोगमा)*

## Public Notice

I Sumit Goyal Son of Mr. Vinod Goyal & Mrs. Indu Goyal Got Married to Ruchi Mal Daughter of Mr. Anil Kumar Mal & Mrs. Bimala Mal on 20-03-2013. We are going to Register our Marrige. So if anyone has any obligation regarding the same please Contact 00977-9803401736 within one month.

### सार्वजानिक सूचना

श्री विनोद गोयल र श्रीमती इन्दु गोयलको छोरा म सुमित गोयलले श्री अनिल कुमार मल र श्रीमती विमला मलको छोरी रुची मलसँग सन् २०-०३-२०१३ मा विवाह गरेका हौं । अहिले हामी विवाह दर्ता गर्न गइरहेका छौं । यदी हाम्रो विवाहप्रति कसैको केही गुनासो तथा हकदाबी भए एक महिना भित्र ००९७७-९८०३४०१७३६ मोवाइल नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०८/१८ मा दर्ता भएको प्रा.लि.नं. २०३७१२/०७५/०७६ को **सयपत्री टेक्नोलोजी प्रा.लि.** नामक कम्पनीको यस कार्यालयको मिति २०८०/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजीको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

## युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL WAFA FACILITY SERVICES L.L.C.**

पूर्व स्वीकृति मिति २०८०/१२/०५ | LT. No.301766 | चलानी नं. ६०२१६७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | 800 | २८,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NUM HOONG TRADING SDN.BHD**

पूर्व स्वीकृति मिति २०७९/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No.283531 | चलानी नं. ६०१९८९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NARJIS SOLUTIONS COMPANY FOR OPERATION AND MAINTENANCE IS A LIMITED LIABILITY COMPANY, A ONE-PERSON**

पुर्व स्वीकृति मिति २०८०/१०/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 298681 | चलानी नं. ६०२१३६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GHIM KAAK FOR THE JUNK FOOD**

पुर्व स्वीकृति मिति २०८०/१०/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 298773 | चलानी नं. ६०२१३७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAMI AND MUATH ABDUL RAHMAN AL LUHAIDAN TRADING, CONTRACTING AND TRANSPORTATION COMPANY**

पुर्व स्वीकृति मिति २०८०/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 290582 | चलानी नं. ६०२०५८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GHIM KAAK FOR THE JUNK FOOD**

पुर्व स्वीकृति मिति २०८०/११/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 300230 | चलानी नं. ६०२१५१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Tool Cleaning Worker | 1 | 0 | 1000 | ३५,३८० | | | | | | | |

कम्पनी : **MOHAMMED OTHMAN AL-ABDULKARIM CONTRACTING EST**

पुर्व स्वीकृति मिति २०८०/११/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 300380 | चलानी नं. ६०२१५२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 9 | 0 | 1800 | ६३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १३ गते (26th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LIBRA MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING CO..**

पूर्व स्वीकृति मिति २०८०/१२/०५ | LT. No. 301790 | चलानी नं. ६०२१६७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 1400 | ५०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Assistant | 5 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 3 | Messenger | 4 | 3 | 1300 | ४६,९६५ | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 1700 | ६१,४२० | | | | | | | |
